राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

# प्रेस नोट

२०७५ चैत २७

## आयोगद्वारा जेरियाट्रिक विज्ञहरुसँग छलफल

राष्ट्रिय मानव अधिकार आयोगले जेष्ठ नागरिकहरुको स्वास्थ्यसम्बन्धी विषयलाई केन्द्रित गरी जेरियाट्रिक विज्ञहरुसँग आयोगमा छलफल गरेको छ । सो क्रममा हाल अध्यापन भैरहेको चिकित्सा शास्त्रको एम. बी. बी. एस. र नर्सिङ्ग विषयको पाठ्यक्रममा जेष्ठ नागरिकको स्वास्थ्य सम्बन्धी उपचार तथा हेरचाह विधिमा के कस्ता पाठ्य विषय र सामग्री समावेश गर्ने भन्ने विषयमा छलफल भएको थियो ।

छलफलको क्रममा विज्ञहरुबाट अस्पतालहरुमा रहेका जेरियाट्रिक वार्डहरुको अवस्था र सुधार सम्बन्धमा विज्ञसहित आयोगले अनुगमन गर्नुपर्ने सुझाव प्राप्त भएको छ । त्यसैगरी जेष्ठ नागरिक हेरचाह केन्द्रहरुको अनुगमन मापदण्ड बनाइनुपर्ने, विशेषज्ञ स्वास्थ्यकर्मीहरुको लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय शिक्षा तथा तालीमको व्यवस्था हुनुपर्ने, प्रत्येक प्रदेशमा कम्तीमा एउटा अस्पतालमा साधनस्रोत र जनशक्तियुक्त जेरियाट्रिक वार्ड सञ्चालन हुनुपर्ने सम्बन्धमा आयोगले गरेका सिफारिस कार्यान्वयनमा पहल गर्नुपर्ने सुझाव प्राप्त भएको छ । जेष्ठ नागरिकलाई लाग्ने रोग र तिनीहरुको उपचार पद्धतिको विषयमा आयोगले रणनीति बनाई त्यसको कार्यान्वयन गराउनुपर्ने सम्बन्धमा समेत छलफल भएको थियो ।

छलफलका क्रममा आयोगका माननीय अध्यक्ष अनूप राज शर्माले मानव अधिकारको विषय स्वास्थ्य, खाद्य र खानेपानीमा मात्र सीमित नभएर बहुआयामिक तथा व्यपक रहेको बताउनुभयो । साथै, देशभर रहेका वृद्धाश्रम तथा जेष्ठ नागरिक हेरचाह केन्द्रहरुको अनुगमन गरी आयोगले जेष्ठ नागरिकहरुका लागि जेरियाट्रिक अस्पताल स्थापना लगायतका अन्य विषयहरुमा प्रतिवेदनमार्फत नेपाल सरकारलाई सिफारिस गरिसकेको जानकारी गराउनुभयो । सो क्रममा आयोगका माननीय सदस्य प्रकाश वस्तीले जेष्ठ नागरिकको मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्ने सन्दर्भमा आयोगले नेपाल सरकारलाई आवश्यक निर्देशन तथा सिफारिस गर्न सक्ने स्मरण गराउँदै आयोगले जेष्ठ नागरिकहरुको स्वास्थ्य सम्बन्धमा उठान गर्न सकिने विषयहरुको कार्यदिशा तय गर्न यस छलफलको आयोजना गरिएको बताउनुभयो । आयोगले जेष्ठ नागरिकको स्वास्थ्यको अधिकारको सहज उपभोगका लागि गर्ने कार्यका सम्बन्धमा आयोगलाई परामर्श तथा सहयोग गर्न आयोगका पूर्व सदस्य डा. गौरीशंकर लाल दासको संयोजकत्वमा सात सदस्यहरु रहेको जेरियाट्रिक विज्ञ समूह यस अघि गठन गरीसकेको छ ।

छलफलमा जेरियाट्रिक विज्ञ समूहका संयोजक डा. गौरीशंकर लाल दास, प्रा. डा. ध्रुवराज अधिकारी, डा. रमेश कंडेल, डा. रचना शर्मा, डा. लोचना श्रेष्ठ, डा. नरेन्द्रसिंह ठगुन्ना, आयोगका नि. सचिव मुरारिप्रसाद खरेल, निर्देशकहरु डा. टिकाराम पोखरेल र नवराज सापकोटा लगायत आयोगका कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

मुरारिप्रसाद खरेल
नि. सचिव/निर्देशक

फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
Phone : +977-1-5010015, Fax : +977-1-5547973, G.P.O. Box : 9182, Kathmandu, Nepal
Email : nhrc@nhrcnepal.org, Website : www.nhrcnepal.org